नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तौलिहवा, कपिलवस्तु

सम्पर्क : ०७६-५६००५१

daokapilvastu@gmail.com

पत्र संख्या: ०८३/०८४

चलानी नं.:

## उच्च सतर्कता र पूर्वतयारी एवं प्रतिकार्यका लागि जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको अनुरोध!

नेपाल मौसम विज्ञान विभागको पूर्वानुमान महाशाखा र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) बाट मिति २०८३।०६।०६ गते प्रकाशित सूचना अनुसार यही असोज ९ गते शुक्रबार देखि देखि ११ गते आइतबार सम्म देशका विभिन्न स्थानहरूमा लगायत यस जिल्लामा समेत मेघगर्जन/चट्याङ/हावाहुरी सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको र सर्तक रहनु पर्ने जनाएको हुँदा उक्त अवधिमा बाढी, पहिरो तथा डुबानको उच्च जोखिम हुन सक्ने भएकोले देहाय अनुसार गर्नु/गराउनु हुन सम्बन्धित कार्यालयहरु, संस्थाहरु एवं जिल्लावासी सबैमा अनुरोध गर्दछौ ।

- बाढी, पहिरो तथा डुबानको जोखिममा रहेका तथा नदी किनारका बस्तीहरुमा उच्च सतर्कता अपनाउने र स्थानीय तहहरुले स्वीकृत मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप आवश्यक पूर्वतयारी र प्रतिकार्य गर्ने गराउने ।
- वर्षाका कारण हुन सक्ने बाढी, पहिरो, डुबान, कटान लगायतका विपद्का घटनाबाट मानवीय एवं भौतिक क्षति हुन नदिन सतर्कता अपनाऔं ।
- नाला एवं कल्भर्टहरु सफा गरी पानीको बहावलाई सहज बनाई डुबान हुनबाट जोगाउने ।
- अत्यन्त जरुरी नभईकन बाहिर नजाने, विशेषगरी टाढा र रातको समयमा यात्रा नगर्ने ।
- बाढी, पहिरो तथा डुबान हुन सक्ने बस्तीहरुले सुरक्षित क्षेत्र (अस्थायी) र सुरक्षित स्थानबारें जानकारी लिने र आवश्यक पर्दा स्थानीय तहहरुद्वारा निर्धारित सुरक्षित स्थानमा जाने ।
- जिल्लास्थित सुरक्षा निकायहरु, स्थानीय तहहरु, स्वयंसेवक लगायत सरोकारवाला सबै निकाय स्वीकृत प्रतिकार्य योजना अनुरुप तयारी अवस्थामा रहने ।
- आपतकालिन अवस्थामा नजिकको सुरक्षा निकाय वा तपसिल बमोजिम आपतकालिन नम्बरहरुमा तत्काल सम्पर्क गर्ने ।

**तपसिल**

प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु : ९८५७०३७७७७
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु :९८५७०८५५५५
स.प्र.उपरीक्षक, स.प्र.बल नेपाल नं.२८ हे.क्या. बर्मेली : ९८५१२७२११६
स.प्र.जि.अ./सूचना अधिकारी :९८५७०५४७७७
जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, (DEOC) कपिलवस्तु: सम्पर्क नं.: १२३४

२०८३।०६।०७

भविश्वर घिमिरे

नि.प्रमुख जिल्ला अधिकारी

नि. प्रमुख जिल्ला अधिकारी

मितिः २०८३ असोज ०७ गते बुधबार